# खैरहनी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

खैरहनी, चितवन
बागमती प्रदेश, नेपाल

प.सः-२०८३।८४
च.नं-

मितिः २०८३।०६।०१

## विपन्न बालबालिका पोषण अनुदान कार्यक्रममा सहभागी हुन आवेदन पेश गर्ने सम्बन्धी सूचना ।

**आवेदन पेश गर्ने मिति २०८३।०६।०१ देखि २०८३।०६।१५ सम्म**

खैरहनी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको चालु आव २०८३।८४ को स्वीकृत वार्षिक कार्यक्रम तथा खैरहनी नगरपालिका विपन्न बालबालिका पोषण अनुदान कार्यक्रम कार्यविधि २०८० (संसोधन २०८२) बमोजिम विपन्न परिवारका बालबालिकालाई मासिक पोषण अनुदान उपलब्ध गराइने नीति बमोजिम यस कार्यक्रममा सहभागी हुन इच्छुक तपसिल बमोजिमको योग्यता पुगेका नगरवासीले आवश्यक कागजात सहित सम्बन्धित वडा कार्यालयमा गई तोकिएको मिति भित्र आवेदन पेश गर्नुहुन जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

क. **आवेदनमा संलग्न गर्नुपर्ने कागजातहरूः-**

१. अनुसुची-०१ बमोजिमको ढाँचामा पेश गरेको निवेदन ।
२. स्थायी बसोबास पुष्टि हुने कागजात ( नागरिकता/राष्ट्रिय परिचय पत्र /बसाईंसराइ / विवाह दर्ता ) ।
३. ६ महिना पुरा भई ४ वर्ष सम्मका सबै बालबालिकाको जन्म दर्ताको प्रमाण पत्र।
४. बच्चाको खोप कार्ड । (तोकिएको उमेर सम्म प्राप्त गर्नुपर्ने सम्पुर्ण खोप पुरा गरेको हुनुपर्ने ।)
५. नियमित तौल अनुगमन गरेको देखिने खोप कार्ड ।

**ख. कार्यक्रममा सहभागी हुन आवश्यक योग्यताः-**

१. नगरपालिका भित्र स्थायी रुपमा बसोबास गरेको,
२. नेपाल सरकार वा प्रदेश सरकार मार्फत समान किसिमको पोषण अनुदान प्राप्त नगरेको बालबालिका,
३. बालबालिकाको अभिभावक सगं निजी सवारी साधन नभएको परिवार (साईकल बाहेक ),
४. एकाघर परिवारको नाममा २ कठ्ठा भन्दा कम जग्गा भएको र कुनै किसिमको व्यवसाय तथा कुनै किसिमको रोजगारी नभएको,
५. नेपाल सरकार वा मित्र राष्ट्रबाट पेन्सन सुविधा प्राप्त नगरेको ।

थप जानकारीका लागिः

नोटः- लाभग्राहीको अन्तिम सुचीमा पर्ने बालबालिकाले दैनिक १ गिलास दुध र १ गिलास अण्डा बराबर हुन आउने अनुमानित रकम बराबर मासिक रु १२००।- को दरले पोषण अनुदान प्राप्त गर्ने छन् र सो रकम निजको नजिकको अभिभावकको बैक खाता मार्फत चौमासिक भुक्तानीको व्यवस्था गरिनेछ ।

**आवश्यक अनुसुचीहरू नजिकैको वडा कार्यालयबाट प्राप्त गर्न सकिनेछ । थप जानकारी आवश्यक भएमा स्वास्थ्य शाखाको सम्पर्क नं ०५६५८३७०९ (एक्सटेन्सन ६२४) मा सम्पर्क गर्न सक्नुहुनेछ ।**

२०८३।०६।०१

सुशीला अधिकारी
प्रमुख प्रशासकीय अधिकृत